भिमरुक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## सूचना प्रकाशित मिति २०७८/१/१५

### एक स्थानीय तह एक उत्पादन कार्यक्रममा प्रस्ताव आव्हानको सूचना !

चालु आ.व. २०७७/०७८ मा यस भिमरुक गाँउपालिकामा लुम्बिनी प्रदेश सरकारबाट सर्शत अनुदानमा प्राप्त एक स्थानीय तह एक उत्पादन कार्यकममा अर्न्तगत तपसिल वमोजिमको मापदण्ड पुगेका इच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले आवश्यक कागजातहरु सहित सूचना प्रकाशित मितिले १५ दिनभित्र यस कार्यालयमा तपसिलको विवरण सहित पेश गरी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

### मापदण्ड तथा अनुदानको सीमा :

१.कृषक समूह/कृषि सहकारीलाई मात्र यस कार्यकममा सहभागी गरी चक्ला बन्दीमा कम्तिमा ५ हेक्टर जमिनमा तरकारी खेती गर्ने लाई पहिलो प्राथमिकतामा राखिने छ।

२. कृषक समूह/कृषि सहकारीलाई विलको ५० प्रतिशत रकम वा वढीमा रु ५ लाख सम्म अनुदान रकम उपलब्ध गराईने छ।

३.व्यक्तिगत कृषि फर्महरुको हकमा कम्तिमा ३ रोपनीमा तरकारी खेती गर्ने कृषकहरुलाई विलको ५० प्रतिशत रकम वा रु बिस हजार मध्ये जुन कम हुन्छ सोही रकम अनुदान उपलब्ध गराइने छ।

### आवश्यक कागजातहरु :

१.निवेदन
२.कृषि समूह,सहकारीका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३.तोकिएको ढाँचामा तयार पारिएको पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम।
४.सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।
५.समूह/सहकारीहरुले प्रस्ताव पेश गर्ने व्यक्ति तोक्ने र समूहका सदस्यहरुले तोकिए बमोजिमको खेती गर्ने प्रतिवद्वताको निर्णयको प्रतिलिपि।
६. जग्गाको लालपूर्जा तथा जग्गा भाडामा लिएको भए करानामाको प्रतिलिपि,नागरिकताको प्रतिलिपि
७. कार्य योजनाको विवरण ।

थप जानकारीको लागि कार्यालय समयभित्र कृषि एकाइ प्रमुखको सम्पर्क नं ९८५७८३६३५८ मा सम्पर्क गर्न सकिने छ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

# भिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल


## सूचना प्रकाशित मिति २०७८/१/१५

### फलफूल दशक अर्न्तगत स्थानीय तहमा बिरुवा रोपण अभियान कार्यक्रम संचालन गर्ने सम्वन्धी सूचना

चालु आ.व.२०७७/०७८ मा यस भिमरुक गाउँपालिकामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सर्शत स्वीकृत कार्यक्रम अनुसार फलफूल दशक अर्न्तगत स्थानीय तहमा विरुवा रोपण अभियान कार्यकम ५० प्रतिशत अनुदानमा संचालन गर्नुपर्ने भएकाले कृषि फर्म ,कृषि सहकारी,कृषक समूहका सदस्यहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

### अनुदान रकम उपलब्ध गराउने क्रियाकलापहरु र सीमा

१.एउटा कृषकको कम्तिमा २ रोपनीका दरले एउटा क्लष्टरमा कम्तिमा १ हेक्टरको बगैचा हुनुपर्ने छ ।

२.बाँझो रहेको खेतीयोग्य जग्गा र उच्च घनत्व प्रविधि अपनाई बिरुवा रोपण गर्ने प्रस्तावकलाई प्राथमिकता दिईने छ ।

३.कूल लागत रकमको ५० प्रतिशत रकम वा एक लाख रकम प्रति हेक्टर (२० रोपनी )मध्ये जुन रकम कम हुन आउँछ सो बरावरको अनुदानको रकम उपलब्ध गराईने छ ।

### आवश्यक कागजातहरु

१.कृषि समूह/कृषि सहकारीका पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३.तोकिएको ढाँचामा तयार गरिएको पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम ।
४.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५.भिमरुक गाउँपालिकामा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. समूह,सहकारीको कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपि ।
७.आफनो नाममा जग्गा नभएमा जग्गा धनी र भाडामा लिने कृषक वा कृषक समूह,सहकारी वा फर्म बिचको कम्तिमा १० वर्षका लागि करारनामा भएको सम्झौता पत्रको प्रतिलिपि ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत